# सार्वजनिक सुनुवाई कार्यक्रम

## क्रियाकलाप प्रगति प्रतिवेदन

**Activity Progress Report**

कार्यालय: चैनपुर नगरपालिकाको कार्यालय, सङ्खुवासभा

**कार्यक्रम/परियोजना(Programme/Project):** सार्वजनिक सुनुवाई कार्यक्रम अन्तिम चौमासिक)

**१. सम्पन्न क्रियाकलापको संक्षिप्त बिवरण (Brief Description of Accomplished Activity):**

| | |
|---|---|
| **क्रियाकलाप शिर्षक(Activity Title)** | चैनपुर नगरपालिकाबाट सञ्चालित विकास कार्यक्रम उपलब्ध सेवा बस्तु र सुबिधा सार्वजनिक गरी त्यस बिषयका सम्बन्धमा सार्वजनिक थलोमा आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम |
| **सम्पन्नमिति/अवधि/समय(Date/Duration/Time)** | २०७२ असार १५ गते मंगलबार |
| **स्थान(Venue)** | चैनपुर नगरपालिका कार्यालयको संयुक्त वडा कार्यालय पोखरी संखुवासभा |

**अन्यबिवरण (Other Description[1]):**

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि २०६७, २०६९ बमोजिम तोकिएको न्युनतम शर्त मापन गर्न पुरा गर्नु पर्ने सूचक सार्वजनिक सुनुवाई कार्यक्रम चैनपुर नगरपालिकाको कार्यालयले यही मिति २०७२ असार १५ गते मंगलबार पोखरी बजारमा सम्पन्न गरेको छ । कार्यविधिले तोकेको निर्देशन अनुसार ५० जना सेवाग्राहीहरुसँगको नागरिक प्रश्नावाली तयार गरी सो प्रश्नावलीको जवाफ सार्वजनिक थलोमा सार्वजनिक गरी थप सुधार गर्नु पर्ने पक्षबारे नगरपालिकाले प्रत्यक्ष रुपमा सुनुवाई गर्ने प्रतिवद्धता जनायो ।



**कार्यक्रममा अतिथिहरु राजनैतिकदलका तर्फबाट**

१. नेपाली कांग्रेशबाट- ज्ञानबहादुर कार्की
२.नेकपा एमालेबाट- गोपाल श्रेष्ठ
३. ए नेकपा माओवादीबाट - लाखमान तामाङ
४. संघिय समाजवादी फोरमबाट-केशरबहादुर तामाङ
५. संघिय लिम्बुवान एकता पार्टीबाट- कृष्ण तामाङ
६. नेकपा-माओवादी
७. नेकपा माओवादी
८. राप्रपा नेपालबाट- भास्कर सिंखडा



**सेवाग्राही थप कार्यलय बाट-**

१. इलाका कृषि सेवा केन्द्रका प्रमुख- राम भवन सिंह
२. प्रहरी चौकी पोखरी इन्चार्ज- महेशकुमार ढकाल
३.स्वास्थ्य कार्यालय पोखरी

कार्यक्रममा सेवा प्रवाह गर्ने संघ संस्था,नागरिक समाजका अगुवा, महिला,दलित,आदिबासी जनजाति,शारीरिक रुपमा अशक्त , बृद्धबृद्धा बालवालिका र सञ्चारकर्मीको सहभागिता रहेको थियो ।




चैनपुर नगरपालिका कार्यालयबाट सञ्चालित बिकास कार्यक्रम, उपलब्ध सेवा,बस्तु र सुबिधा सार्वजनिक गर्दै त्यस बिषयमा सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका जिज्ञासा र बिषयबस्तुलाई स्पष्ट पार्ने र त्यसलाई रचनात्मक तवरले सुझाव ग्रहण गरी जिम्मेवार संस्कार बसाउने र आउने दिनमा यस्ता बिषयमा सजक भई सेवा प्रदान गर्ने प्रतिबद्धता चैनपुर नगरपालिकाका प्रमुख उत्तम रेग्मीले व्यक्त गर्नुभयो ।

कार्यक्रममा नगरपालिकाले प्रत्येक वडामा कार्यालय स्थापना गरी नागरिकताको सिफारिस, मालपोत शुल्क लिने व्यवस्थ गर्न माग गरेका थिए । यता अधिकांश सेवाग्राहीले नगरपालिकामा कर्मचारीको अभाव भएकाले सेवा लिन समस्या भएको र तत्काल वडा कार्यालय बिस्तार गर्न माग गरे । बिभिन्न बिषयगत कार्यालय माथि उठेका बिषयबस्तुलाई समेत बिषयगत कार्यलय र सम्बन्धीत कार्यलयका प्रमुखहरुले सुझावलाई सकारात्मक लिदै आउने दिनमा सुधार र बिस्तार गर्ने बताएका थिए ।



राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरुले नगरको बजेट बिनियोजन देखि सबै काममा समान व्यवहार गरेको र यस्तो भए गुनासोका आधारमा सच्याउने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रममा उठेका बिषयबस्तु र गुनासा टिपोटका लागि कार्यालयका कर्मचारी राजन कार्की, पदमबहादुर श्रेष्ठ सहितको समुह रहेको थियो । सो टिपोट कार्यालयको बैठकबसी छलफलबाट कार्यन्वयन गर्ने निर्णय गरेको छ ।

**कार्यक्रममा उठेका जिज्ञासाहरु निम्ननुसार छन् ।**

- लेखा क्षेत्र प्रभावकारी नभएको गुनासो
- आयव्यय सार्वजनिक नगरेको गुनासो
- योजना समबन्धी अस्पष्टता भएको
- नागरिक बडापत्र भन्दा बाहिर गएर काम गर्ने गरेको गुनासो
- संयुक्त वडा कार्यालयमा कार्यालय सचिव नियमीत बस्नु पर्ने माग
- सूचना नियमीत गर्नु पर्ने
- कार्मचारीले अभद्र व्यवहार गरेको गुनासो
- सातामा एक पटक मंगलबार पोखरी संयुक्त कार्यालयमा राजश्व संकलन गर्न माग

| सहभागीको जातीगतबिवरण (Participants Caste/Ethnicity Diversity) | महिला(Female) | पुरुष (Male) | तेस्रो लिङ्ग (Third Gender) | जम्मा (Total) |
|---|---|---|---|---|
| बाहुन / क्षेत्री(Bhramin/Chhetri) | १ | १८ | | १९ |
| दलित -पहाड(Dalit -Hill) | | २ | | २ |
| दलित -तराई(Dalit -Terai) | | | | |
| जनजाति -पहाड(Janajati -Hill) | | ११ | | ११ |
| जनजाति -तराई(Janajati -Terai) | | | | |
| मधेशी(Madhesi) | | | | |
| अन्य(Others) | | | | |
| **कुलजम्मा** | १ | ११ | | ३१ |

## २. प्रतिफल/उपलब्धि(Output[2]/Outcome[3]):

- कार्यलयले गरेका बिकास कार्यक्रमको उपलब्धी बारे जानकारी भएको ।
- पुन: नागरिक समाज र सेवाग्राहि सँगको सकारात्मक सम्बन्ध र बिकास निर्माणका कार्यक्रमलाई थप सुधार गर्नु सहयोग पुगेको ।
- सार्वजनिक सुनुवाई कार्यक्रमले कार्यालय नागरिक/सेवाग्राही प्रति सकारात्मक र बफादार बनेको ।
- कार्यालय मात्र नभई आम सेवाग्राही पनि बिकास निर्माण प्रति बफादार हुनु पर्ने बिश्वास बढेको ।
- योजना माग र कार्यन्वयनका प्रकृया र चरण बारे जानकार भएको ।
- सुझावले जिम्मेवार संस्कार बसाउन सहयोग मिलेको ।

## ३. सिकाई(Lesson Learnt):

- कार्यक्रम प्रति सेवाग्राही र नागरिकहरुको बिश्वास जित्ने बनाइनु पर्ने ।
- थप प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनु पर्ने ।
- सेवाग्राहीलाई प्रश्न राख्दा विषयवस्तु र सप्रमाण सहितको प्रश्न राख्न लगाउनु पर्ने ।
- बिषयवस्तुबारे जानकार नभएको र गराइनु पर्ने ।
- नयाँ नगरपालिका भएकाले कार्यक्रम भन्दा पनि नियमीत सेवामा कर्मचारी अभाव र वडा कार्यालय विस्तार गर्न माग बढी आएको ।

## ४. यस कार्यक्रमको उल्लेखनीय कुरा/अनुशरणीय पक्ष(Significant Fact):

- कार्यलयले गरेका बिकास कार्यक्रमको उपलब्धी र सेवा प्रभाह बारे जानकारी भएको ।
- पुन: नागरिक समाज र सेवाग्राहि सँगको सकारात्मक सम्बन्ध र बिकास निर्माणका कार्यक्रमलाई थप सुधार गर्नु सहयोग पुगेको ।
- सार्वजनिक सुनुवाई कार्यक्रमले कार्यालय नागरिक/सेवाग्राही प्रति सकारात्मक र बफादार बनेको ।
- कार्यालय मात्र नभई आम सेवाग्राही पनि बिकास निर्माण प्रति बफादार हुनु पर्ने बिश्वास बढेको ।
- योजना माग र कार्यन्वयनका प्रकृया र चरण बारे जानकार भएको ।

- सुझावले जिम्मेवार संस्कार बसाउन सहयोग मिलेको ।

६. **अन्य टिप्पणी तथा सूझाव :**

- योजना कार्यक्रमको बारेमा जानकार नभएको अधिकांशको गुनासो ।
- नगरपालिकाले सबै क्षेत्रलाई समेटन नसकेंको समेट्न सबै क्षेत्रको सहभागिता गराउनु हुन ।
- कर्मचारीको सेवा द्रुत नभएको र सीप क्षमता बढाउनु पर्ने ।
- नागरिक बढापत्रलाई सेवाग्राहीलेनै कम प्राथमिकतामा राखेको र प्रयोग नगरेको अवस्था देखिएको ।
- यि माथि उठाएका सवाहरुमा नगरपालिकाको बैठक बसी कार्यन्वयन गराउनुहुन ।

**सही(Signature):**

**प्रतिवेदनतयार पार्ने :** **छेदु शेर्पा**

**मिति(Date):** **२०७२ असार १६ गते बुधबार**

कार्यक्रमका झलकहरु:






आज मिति २०८२।४।१६ गते मंगलबारका दिन चैनपुर नगरपालिकाले आयोजना गरेको तेस्रो चौमासिक को कार्य-सम्पादन मुल्याङ्कन बारे स्थानीय सेवाग्राही बिच सार्वजनिक चौतारीमा सार्वजनिक सुनुवाई कार्यक्रम निम्न उपस्थिती मा कार्यक्रम आयोजना सम्पन्न गरियो ।

उपस्थिती:-

| क्र.सं. | नाम थर | (संस्था (कार्यकारी अधिकृत सेवा) | हस्ताक्षर |
|---|---|---|---|
| १, | श्री उत्तम रेग्मी | | |
| २, | श्री ध्यानबं कार्की | नवि. अध्यक्ष सिद्धकाली नेपाली ड्राइवर | |
| ३, | श्री गोपाल श्रेष्ठ | नेकपा एमाले | [illegible] |
| ४, | श्री लालप्रसाद तामाङ | सः नेकपा माओवादी | |
| ५, | श्री आफुर खिम्बा | रा.प्र.पा नेपाल | |
| ६, | श्री रवीन्द्र अधिकारी | नेकपा-माओवादी | |
| ७, | श्री कुमार बं. तामाङ | सं. समाज सेवीसमूह | |
| ८, | श्री पदम बं. जोशी | रा.प्र.पा | |
| ९, | श्री कृष्ण बं. तामाङ | स्वे.लि.पा | |
| १०, | श्री लाकल बं. लिम्बु | रा.जन पार्टी | |
| ११, | श्री तिलक बं. कार्की | स्वतन्त्र पा. | |
| १२, | भानु तामाङ | | |
| १३, | महेश कुमार ढकाल | अध्यक्ष चौ.पोजी | |
| १४, | रामनबराज कृषि विकास चैनपुर | | |
| १५ | दोर्जी शेर्पा | चै.न.पा.-८ सम्योजक | |
| १६ | मान ब. डोर्जे | चै.न.पा. २ | |
| १७. | काजीमान तामाङ | चै.न.पा-२. | |
| १८, | धन बहादुर तामाङ. | ,, २ | |
| १९. | विजय तामाङ. | ,, २ | |
| २० | हस्त बहादुर राई | ,, ,, १ | |
| २१ | दल कुमार तामाङ. | चै.न.२ | |
| २२ | भूपेन्द्र ब कार्की | चै. न. १० | |

| | | |
|---|---|---|
| 26) राजन राई | चैनपुर - ३ | |
| २८) पेम्बा शेर्पा | चैनपुर - ५ | |
| २९) छिमा शेर्पा | चैनपुर - ५ | |
| ३०) तेज ब. राई | चैनपुर - ३ | |
| ३१ डेन्डु शेर्पा | सहजकर्ता | |